# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७३।०३।१६ गते

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरीएको ।**

-------------------------------------------

राक्सिराङ्ग ईलाका बन कार्यालय, चैनपुर मुकाम मनहरी, मकवानपुरमा कार्यरत सहायक वन अधिकृत रामकृष्ण कुश्लेले हेटौंडा उ.प.म.न.पा वडा नं १० बस्ने सेवाग्राहीसँग छोडपुर्जि प्रदान भइसकेको भार्ता बिलाउने सामुदायिक वन उपभोक्ता समिति भार्ता-१ मकवानपुरले लिलाम बिक्री गरेको काठ दाउरा लोड गरी लैजाने प्रकृयाका क्रममा बिभिन्न बहाना बनाई घुस रकम माग गरी रु.१,८०,०००।- (अक्षरुपी एक लाख असी हजार रुपैयाँ) घुस रकम लिईसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३(१) द्वारा परिभाषित कसुर गरेको पुष्टि हुन आएकोले निज सहायक वन अधिकृत रामकृष्ण कुश्ले उपर बिगो रु.१,८०,०००।- (अक्षरुपी एक लाख असी हजार रुपैयाँ) कायम गरी सोहि ऐनको दफा ३(१) र ३(१) (क) बमोजिम दण्ड सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(कृष्णहरि पुष्कर)

सहसचिव एवं प्रवक्ता